मिति २०७५।७।२० गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

निर्णय नं. १ :- गाउँ शिक्षा समितिद्वारा मिति २०७५।०७।११ मा स्वीकृत गरी गाउँपालिकामा प्रस्तुत गरेको शिक्षक व्यवस्थापन विवरणलाई स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ :- गाउँपालिकाको सिमा प्रारम्भ हुने स्थानमा संङ्केत बोर्डहरु लगाउने निर्णय गरियो ।

निर्णय नं. ३ :- गाउँपालिका क्षेत्र भित्र विभिन्न जात जाती, भाषा-भाषी , भौगोलिक पहिचान, सांस्कृतिक सम्पदा, सम्भाव्यता आदि को विस्तृत अध्ययन गरी लेख रचना तयार गर्दै गाउँपालिकाको परिचय पुस्तिका प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ :- लक्ष्मी पूजा, छठ पूजा व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रत्येक वडा कार्यालयलाई प्रति कार्यालय २००००।- (बिस हजार ) । गाउँपालिका अध्यक्षलाई रु. २००००।- (बिस हजार) नगद संस्कृति प्रवर्द्धन शिर्षकबाट खर्च व्यहोर्ने गरी दिने निर्णय गरियो ।

निर्णय नं. ५ :- माटो उत्खनन् गर्दा प्रति घनफिट लिईने दस्तुर प्रदेश सभाले निर्णय गरे बमोजिम हुने गरि लिने निर्णय गरियो ।

निर्णय नं. ६ :- गाउँपालिका भित्रको गुरुयोजना तयार गर्ने प्रयोजनका लागि १ जना योजना विज्ञ सल्लाहकारका रुपमा राख्ने निर्णय गरियो ।

निर्णय नं. ७ :- वडा नं. ५ पट्खौली बस्ने ईमादी धुनियाको नाती गफर धुनियाको छोरा बेकारु धुनियाको आगलागीका कारण सम्पूर्ण घर एवं पसल क्षती भएका कारण लगभग १२,६०,०००।- नोक्सानी भएको देखिएको हुदाँ निजको परिवारलाई राहत स्वरुप ५००००।- (पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८ : गाउँपालिका क्षेत्रभित्रका बाटोहरुमा अत्याधिक खाल्टाखुल्टी रहेकोले उक्त बाटोहरु मर्मत गर्ने प्रयोजनका लागि मर्मत संभारबाट खर्च ब्यहोर्ने गरी प्रति वडालाई २ लाख रुपैयामा नबढ्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

राजु नेपाल

प्रमुख प्रशासकीय अधिकृत